खावासाकी अन्तरास्ट्रिय केन्द्र
KIAN

# हेल्लो खावासाकी

जापानी,अंग्रेजी,चिनियाँ,कोरियन या उत्तर कोरियन,स्पेनिस,पोर्तुगाली,तागालोग,
भेयतनामी,थाई,इन्डोनेशियाली,नेपाली र सजिलो जापानी भाषा

संघको होमपेज https://www.kian.or.jp/hlkwsk.html मा हेर्नुहोस
खावासाकी अन्तरास्ट्रिय संघ २-२ किजुकी गिओञ्चोउ,नाकाहारा वडा,खावासाकी,खानागावा प्रान्त ,२११-००३३ जापान
फोन न:044-435-7000 फ्याक्स न:044-435-7010 इमेल : E-mail:kiankawasaki@kian.or.jp

## खावासाकीको १०० औं बार्षिकउत्सब /खावासाकी अन्तरास्ट्रिय केन्द्रको ३० औं बार्षिकउत्सब, बहुसांस्कृतिक फोरम कन्सर्ट २०२४

आबेदनको लागि

कावासाकीमा बस्ने विभिन्न संस्कृति बोकेका खावासाकीको भबिस्य बारेमा सोच्ने कार्यक्रम हो।

मिति:२०२४ साल जुलाई ६ तारिख (शनि १३:००-१६:००(१२:३०मा सुरु)

स्थान:खावासाकी अन्तरास्ट्रिय केन्द्र हल

सहभागी :२०० जना (धेरै जनाको निबेदन आएमा लोटरी बाट छानिने छ)

बिषय : भाषण उसाबी・साको जी(मालीमा जन्मिनुभएको ・क्योटो सेका विश्वविद्यालयका पूर्व अध्यक्ष)

・・प्यानल डिस्कसन खावासाकि नगरपालिकामा कामगरिरहेका विदेशीहरू・कन्सर्ट टोक्यो सिम्फनी अर्केस्ट्राका सदस्यहरूद्वारा प्रदर्शन हुने स्ट्रिङ गितार कन्सर्ट

आवेदन दिने तरिका : आवेदन फाराम मार्फत जुन १३ तारिक बिहीबार सम्म दिनुहोस्।

※सधै जुलाइमा हुने अन्तरास्ट्रिय फेस्टिबल यो वर्ष नोभेम्बर १७ तारिख आइतबार हुदैछ।

****************************************************************************************************

## नगरपालिकाले दिने गरेको आवासको आबेदन फारम भर्ने तरिका सिकाउने कार्यक्रम

नगरपालिकाले दिने गरेको आवासमा आबेदन दिन मन छ तर फारम भर्ने तरिका थाहा नभएकालाइ आबेदन भर्ना सिकाई र साथसाथै त्यहि बेला फारम भरेर बुझाउन मद्दत गरिन्छ।

(अंग्रेजी चाइनिज कोरियन,उत्तर कोरियाली पोर्तुगाली स्पेनिश,फिलिपिनो तागलोग,थाई नेपाली भियतनाम,इन्डोनेशिया भाषाको अनुबाद गरिदिने सुविधा छ।)

नि:शुल्क

आबेदनको लागि

मिति र समय : जुन १५ तारिख (शनि ) १० : ००〜१२ : ००

स्थान:खावासाकी अन्तरास्ट्रिय केन्द्र १ तला रिसेप्सन रुम

निबेदन : जुन १३ तारिख (बिहि) १६ :३० सम्म फोन गर्नुहोला ,अथवा आफै आउनुहोला।

नगरपालीका आवास भनेको : आवासको समस्या भइरहेका र आम्दानी कम भएकाहरू लक्षित सस्तो भाडामा बस्ने,सरकार र नगरपालिका मिलेर बनाएको नगरपालिकाको स्वामित्वमा रहेका घरहरू हुन्। व्यक्तिगत आवास भन्दा फरक रहेको यो आवेदनकोवेलावा र बसेपछि पनि आम्दानीका विभिन्न मापदण्डहरू,नियमहरू छन्। यसमा नवीकरण शुल्क लाग्नेछैन, तर प्रत्येक वर्ष प्रयोग शुल्क(भाडा) को निर्धारण चाहिं तपाईंको आय सर्वेक्षणबाट तय हुने गर्छ ।

आबेदनकोलागी : (१) १८ वर्ष भन्दा माथिको

(२) नगरपालिका भित्र बस्ने वा

यहि नगरपालिकामा १ बर्षबढि काम गरेको

(३) कामबाट आएको आम्दानी कम भएका

(४) आवासको लागी गाह्रो परिरहेकाहरू




# गर्मि बिदामा बच्चाहरूको भाषा कक्षा



**समयावधी**: २०२४ जुलाई ३० तारिख(मंगल)、३१तारिख(बुध)、अगष्ट १ तारिख(बिही)
**सहभागी संख्या**: एउटा कक्षामा १५ जना (धेरै जनाको आवेदन आएमा लोटरीबाट छानीने छ। )
**रकम**: एउटा कक्षाको ३,३०० एन(पुस्तक सहित)
**स्थान**: खावासाकी अन्तराष्ट्रिय केन्द्र
**आवेदन दिने तरिका :खावासाकी अन्तराष्ट्रिय केन्द्रको होमपेजको फारमको फर्म्याट मार्फत**
1. आबेदन दिने कक्षा 2. बच्चाको नाम फुरिगाना अंग्रेजी 3. सेमेस्टर संख्या 4.अभिभावकको नाम 5. ठेगाना 6. दिनभरि फोन उठ्ने अभिभावकको फोन नम्बर 7.अभिभावकको इमेल

## अन्तिम मिति: २०२४ जुलाई ६ तारिख(शनि)

| कक्षाको नाम | समय | लक्षित विद्यार्थी | शिक्षक |
|---|---|---|---|
| बालबालिका अंग्रेजी A | 13:00-14:00 | प्राथमिक विद्यालय पहिलो बर्ष • दोस्रो बर्ष | फुजिकुरा एलड्दा पेअतोरिस (अर्जेन्टिनाको शिक्षक) |
| बालबालिका अंग्रेजी B | 14:30-15:30 | प्राथमिक विद्यालय तेस्रो बर्ष • चौथो बर्ष | |
| बच्चाको स्पेनीस भाषा | 10:30-11:30 | प्राथमिक विद्यालय पहिलो देखि पाँचौ बर्ष सम्मका | इचिगावा स्योउबाननि (पेरुको शिक्षक) |

*****************************************************************************

# खावासाकी अन्तराष्ट्रिय केन्द्र विदेशी भाषामा परामर्श केन्द्र

**केहि सोध्न मन लागेको या समस्या परेको कुरा भए अप्ठ्यारो नमानी सल्लाह लिनुहोस्। (निःशुल्क)**

जूम मार्फत अनलाइन परामर्श पनि दिनेगरिन्छ

बुकिङ्ग होमपेजबाट

अनलाइन परामर्शको आबेदन पेज

परामर्श समय ९:००—१७:०० (दिउँसोको विदामा पनि जानकारी दिइन्छ)

परामर्शको लागी फोन नम्बर फोन : 044-455-8811

भाषाको सल्लाह दिने मान्छे नभएकोवेला फोनबाट सोहि भाषाको अनुवादक मार्फत जानकारी दिने ठाउँमा जोडिन्छ।)

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी भाषा | सोमबार देखि शनिबार | चाइनिज | सोमबार देखि शनिबार |
| पोर्तुगाली भाषा | मंगलबार・शुक्रबार | स्पेनिस | मंगलबार・बुधबार |
| कोरियाली・उत्तर कोरियाली | मंगलबार・बिहिबार | फिलिपिन्स | मंगलबार・बुधबार |
| भियतनामी | मंगलबार・शुक्रबार | थाई | सोमबार・मंगलबार |
| इन्डोनेसियाली | मंगलबार・बुधबार | नेपाली | मंगलबार र शनिबार |

खावासाकी अन्तरास्ट्रिय केन्द्रको होमपेज

**＊ प्रशासनिक अधिकृत द्वारा निःशुल्क परामर्श सेवा (जापानी भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएपनि अरु भाषाको लागि अनुवादक आवश्यक भएमा बुकिङ्ग गर्न सकिने )**
मिति र समय : २०२४ साल जून १६ (आइत) १४ : ०० ～ १६ : ००, जुलाई २१ (आइत) १४ : ०० ～ १६ : ०० स्थान : खावासाकी अन्तरास्ट्रिय केन्द्र २ तला बैठक कोठा